# खैरहनी नगरपालिकाको पहिलो नगरसभाका निर्णयहरु

**निर्णय नं. १:**

नगरसभा सञ्चालन कार्यविधि २०७४ बमोजिम खैरहनी नगरपालिकाका प्रमुखले आज पहिलो नगरसभाको बैठकमा पेश गर्नु भएको आगामी आर्थिक वर्ष २०७४/०७५ को वार्षिक नीति, कार्यक्रम तथा बजेट सहित तपसिलका विवरणहरू समावेश भएको बिनियोजन विधेयकलाई नगरसभा सञ्चालन कार्यविधि २०७४को दफा १६(२) बमोजिम पारित गर्ने निर्णय गरियो ।

(क) गत आर्थिक वर्ष २०७२/०७३ को यथार्थ आय-व्ययको विवरणहरू ।

(ख) यस आर्थिक वर्ष २०७३/०७४ को संशोधित आय-व्ययको विवरणहरू ।

(ख) आगामी आर्थिक वर्ष २०७४/०७५ को बजेट वक्तव्य मार्फत प्रस्तुत नीति तथा कार्यक्रमरू

(ग) आगामी आर्थिक वर्ष २०७४/०७५ को लागि ५० करोड १० को वार्षिक आय-व्यय अनुमानका विवरणहरू ।

(घ) आगामी आर्थिक वर्ष २०७४/०७५ को वार्षिक योजना तथा कार्यक्रमहरू सहितको नगर विकास योजना ।

**निर्णय नं. २:**

स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम ११८ (क) तथा स्थानीय तहको योजना तथा बजेट तर्जूमा दिग्दर्शन बमोजिम गठित राजश्व परामर्श समितिको विभिन्न मितिहरूमा बसेको बैठकबाट प्राप्त परामर्श, सुझावहरू र राजस्व संभाव्यता अध्ययन तथा प्रक्षेपण प्रतिवेदनको सिफारिशका आधारमा विधेयक समिति तथा नगर कार्यपालिकाबाट आगामी आर्थिक बर्ष ०७४/०७५ का लागि सिफारिश भएका कर, दस्तुर, शुल्कका दरहरू, करछुट सम्बन्धी प्रस्ताव समावेश भएको आर्थिक विधेयकलाई पेश भए बमोजिम पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.३:**

यस खैरहनी नगरपालिका कार्यालयको लागि पेश भएको संगठन स्वरूप, कर्मचारीको सावीक बमोजिमको दरबन्दी विवरण स्वीकृत गर्दै नगरपालिकाको O and M servey भई कर्मचारी समायोजनको कार्य भै सके पछि तत् तत् महाशाखामा रहने दरबन्दी स्वीकृत गर्ने अधिकार कार्यपालिकालाई प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.४:**

स्वीकृत दरबन्दी अनुसारका कर्मचारीहरूलाई नेपाल सरकारले निर्धारित गरे अनुसारको तलब

भत्ता तथा साविक बमोजिमको स्थानीय भत्ताको आधार बमोजिम तयार पारिएको चालु आ.व. २०७४/०७५को संलग्न वार्षिक तलबी प्रतिवेदनलाई स्वीकृति प्रदान गर्ने निर्णय गरियो । साथै बिषयगत कार्यालयबाट पछि समायोजन भई आउने कर्मचारीहरूको तलबी प्रतिवेदन पास गर्ने अधिकार नगर कार्यपालिकालाई प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५:**

कार्यालयको स्वीकृत दरबन्दी अन्तरगतका रिक्त रहेका पदहरूमा कार्यालयको आवश्यकताको आधारमा स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २५२ र स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २१७ बमाजिम योजना सम्बन्धी प्राविधिक कार्य, स्वास्थ्य, विद्युत, खानेपानी, फोहरमैला व्यवस्थापन, कार्यालय सुरक्षा, हेरचाह र उपकरणहरूको परिचालन आदि जस्ता प्राविधिक कार्यहरूको सेवा करारबाट व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. ६:**

कार्यालयबाट भएको वार्षिक जिन्सी निरीक्षण प्रतिवेदन अनुसार मर्मत सम्भार गर्नुपर्ने सामानहरूको उचित समयमा मर्मत सम्भार गर्ने र लिलाम बिक्री गर्नुपर्नेको हकमा लिलाम बिक्री गर्ने कार्यलाई अगाडि बढाउन नगरकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निणय नं. ७:**

कार्यालयको चालु आ.व.०७४/०७५को स्वीकृत बार्षिक कार्यक्रममा कतिपय बिषयगत कार्यालयहरूका कार्यक्रम तथा बजेट समावेश हुन नसकेको अवस्थामा यसको कार्यान्वयन गर्दा जटिलता आउन सक्ने देखिएकोछ । तसर्थ बिषयगत कार्यालयको बजेट तथा कार्यक्रम समावेश, थपघट गर्न तथा आवश्यकता अनुसार अन्य कार्यक्रम तथा बजेट समावेश तथा थपघट गर्नु पर्दा आवश्यकता र औचित्यताको आधारमा बजेट र कार्यक्रमहरूलाई संसोधन गरी अनुमोदनका लागि त्यस पछि लगत्तै बस्ने नगरसभा अधिवेशनमा पेश गर्न तथा नगरसभा नबसेको अवस्थामा नगरसभाले गर्ने कार्य गर्नको लागि नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८:**

विभिन्न मितिमा विभिन्न प्रयोजनको लागि गठन हुने समितिले पेश गरेका प्रतिवेदनहरूको कर्यान्वयनको प्रक्रियामा लैजाने र त्यस्ता प्रतिवेदनलाई अनुमोदनको लागि त्यस पछि बस्ने नगरसभामा पेश गर्ने अधिकार नगर कार्यपालिकालाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९:**

नगरपालिका कार्यालयको न.पा.बोर्डले २०७३ पौषमा नगर परिषद् सम्पन्न भए देखी

निर्वाचित जनप्रतिनिधि बहाल नहुदा सम्मको अवधीमा भए गरेका सम्पूर्ण निर्णयहरूलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०:**

स्थानीयस्तरमा नगरपालिकाले आफ्नो छुट्टै भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड बनाई नसकेकोले सो नबन्दा सम्म वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड २०७२ लाई पूणरूपमा कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११:**

नगरपालिका क्षेत्र भित्र ब्यवसाय गरी बसेका तर करका दायरामा आवद्ध नभएका सबै करदाताहरूलाई करको दायराभित्र ल्याउन करदाता सचेतना र करदाता शिक्षा सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने र कर संकलनका लागि घरदैलोमा टोली परिचालन गर्ने कार्य अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. १२:**

खैरहनी नगरपालिकाका पदाधिकारीहरूको आचार संहिता २०७४ पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३ :**

नगर कार्यपालिकाले विभिन्न मितिमा विभिन्न बिषयमा गरेका निर्णयहरूको अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४ :**

यस नगरसभाले पारित गरेका आर्थिक ऐन, बिनियोजन ऐन, विभिन्न दफामा गरेका निण र्यिहरू तथा नगरसभामा पेश भई पारित भएका नीति तथा कार्यक्रम कार्यान्वयन गर्ने सिलसिलामा कुनै कार्यविधि बनाउन आवश्यक भएमा त्यस्ता कार्यविधि बनाई लागु गर्न नगर कार्यपालिका स्वीकृती प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५ :**

गैरसरकारी संस्थाहरूबाट यस खैरहनी नगरपालिका क्षेत्र भित्र कार्यान्वयन गर्ने गरी पेश भएका कार्यक्रमहरूलाई पारित गर्ने निर्णय गरियो । नगरपालिका क्षेत्र भित्र कार्यक्रम कार्यान्वयन गर्ने छुट भएका अन्य संघ संस्थाहरूका कार्यक्रमहरू पेश भए पछि परित गरी कार्यान्वयनमा लैजाने अधिकार नगर कार्यपालिकालाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६:**

नगरपालिकाको पहिलो नगरसभा अधिवेशनलाई सफलतापूर्वक सम्पन्न गर्न सहयोग पुर्‍याउनु

हुने राजनैतिक दलहरू, सरकारी तथा गैर सरकारी निकायहरू, नागरिक समाज, नागरिक सचेतना केन्द्रहरू, टोल विकास संस्थाहरू समाजसेवी, लब्ध प्रतिष्ठित महानुभावहरू, सञ्चार कर्मी मित्रहरू लगायत खैरहनी नगरबासी दिदी बहिनी तथा दाजुभाइहरू र यस नगरपालिका कार्यालयका सम्पूर्ण कर्मचारीहरू प्रति धन्यवाद प्रकट गर्ने निर्णय गरियो ।

प्रथम नगरसभा अधिवेशन आज २०७४/०३/३१ गते अन्त्य गरियो ।

## यस नगरपालिकाका जन निर्वाचित पदाधिकारीहरुको नामावली

| क्र.स. | नाम, थर | वडा नं. | पद | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | लालमणी चौधरी | | प्रमुख | ९८५५०६४८०७ |
| २ | सुनिता खरेल थपलिया | | उप प्रमुख | ९८५५०५६४३० |
| १ | भुमि प्रसाद कडेल | १ | वडा अध्यक्ष | ९८४५०४३५२७ |
| २ | बुधरमिया महतो | १ | महिला सदस्य | ९८०९१४९९०३ |
| ३ | पार्वती वि.क. | १ | दलित महिला सदस्य | ९८६५०२०२०४ |
| ४ | कृष्ण कुमार डल्लाकोटी | १ | पहिलो सदस्य | |
| ५ | कृष्ण प्रसाद भुषाल | १ | दोश्रो सदस्य | ९८४५१०९४८१ |
| १ | टिकादत्त इटनी | २ | वडा अध्यक्ष | ९८४५२०७५७५ |
| २ | कृपा देवी अधिकारी | २ | महिला सदस्य | ९८०४२३९२८१ |
| ३ | मिना सूनार | २ | दलित महिला सदस्य | ९८०९११५५५६ |
| ४ | केशर बहादुर अधिकारी | २ | पहिलो सदस्य | ९८४५१०८३८९ |
| ५ | मनोज बस्नेत | २ | दोश्रो सदस्य | ९८५५०६२२६६ |
| १ | पूर्ण बहादुर गुरुङ | ३ | वडा अध्यक्ष | ९८११२९१५४१ |
| २ | सुक माया घिसिङ | ३ | महिला सदस्य, का.सदस्य | ९८२१२०६७१६ |
| ३ | विष्णु माया कामी | ३ | दलित महिला सदस्य | ९८१५२७०३३८ |
| ४ | उत्तम उप्रेती | ३ | पहिलो सदस्य | ९८४५०६९८७७ |
| ५ | तोयानाथ सुवेदी | ३ | दोश्रो सदस्य | ९७४५००९९३४ |
| १ | नरेन्द्र नाथ अधिकारी | ४ | वडा अध्यक्ष | ९८४५०८९१७८ |
| २ | यशोदा कुमारी पौडेल | ४ | महिला सदस्य | ९८४५३६०७३८ |
| ३ | राम माया वि.क. | ४ | दलित महिला सदस्य | ९८४५७३५७५३ |
| ४ | मन बहादुर गुरुङ | ४ | पहिलो सदस्य | ९८४५०८०८१२ |
| ५ | देव बहादुर बस्नेत | ४ | दोश्रो सदस्य | ९८४५३६७७६१ |

| क्र.स. | नाम, थर | वडा नं. | पद | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | विश्व विजय बस्नेत | ५ | वडा अध्यक्ष | ९८४५१७३०९३ |
| २ | मिना चौधरी | ५ | महिला सदस्य | ९८४५२७३५२८ |
| ३ | राज कुमारी सार्की | ५ | दलित महिला सदस्य | ९८४५१२१९५४ |
| ४ | राम सिंह चौधरी | ५ | पहिलो सदस्य | ९८४५०८८२८० |
| ५ | रमेश प्रसाद सुवेदी | ५ | दोश्रो सदस्य | ९८५५०६६८३२ |
| १ | रामशरण पाण्डे | ६ | वडा अध्यक्ष | ९८५५०५८५३८ |
| २ | शान्ति नेपाल | ६ | महिला सदस्य | ९८४५३४५२३१ |
| ३ | रुपा वि.क. | ६ | दलित महिला सदस्य | ९८११२४६६८८ |
| ४ | जिवन कुमार चौधरी | ६ | पहिलो सदस्य | ९८१५२४७८१९ |
| ५ | छलाही महतो | ६ | दोश्रो सदस्य | ९८४५०६५४०५ |
| १ | मनेजर महतो | ७ | वडा अध्यक्ष | ९८४५१५०३१६ |
| २ | अनिता चौधरी | ७ | महिला सदस्य | ९८४५३२१८६५ |
| ३ | विष्णु माया विश्वकर्मा | ७ | दलित महिला सदस्य | ९८०४२५१०९१ |
| ४ | मरल महतो थारु | ७ | पहिलो सदस्य | ९८४५५६३५२० |
| ५ | रामकृष्ण पाठक | ७ | दोश्रो सदस्य | ९८४५२४०३९९ |
| १ | टेक बहादुर थापा क्षेत्री | ८ | वडा अध्यक्ष | ९८४५०४९४३० |
| २ | रत्न कुमारी श्रेष्ठ | ८ | महिला सदस्य | ९८४५०८४८१० |
| ३ | मञ्जु नेपाली | ८ | दलित महिला सदस्य | ९८४५११०७२६ |
| ४ | मंगरा महतो | ८ | पहिलो सदस्य | ९८०९१३७७५४ |
| ५ | शान्ति कुमारी चौधरी | ८ | दोश्रो सदस्य, कार्यपालिका सदस्य | ९८४५०८८५३७ |
| १ | होम कुमार पुन | ९ | वडा अध्यक्ष | ९८५५०८०७५६ |
| २ | विक्रमिया चौधरी | ९ | दोश्रो सदस्य, कार्यपालिका सदस्य | ९८४५५५०२६३ |
| ३ | विनु विश्वकर्मा | ९ | दलित महिला सदस्य | ९८४५०९१९८३ |
| ४ | पवन श्रेष्ठ | ९ | पहिलो सदस्य | ९८५५०६०५८० |
| ५ | बन्धु राम महतो | ९ | दोश्रो सदस्य | |
| १ | कारीराम चौधरी | १० | वडा अध्यक्ष | ९८४५१४२४९२ |
| २ | दुर्गा देवी आचार्य | १० | महिला सदस्य | ९८६५१७८६२३ |
| ३ | मैया वि.क. | १० | दलित महिला सदस्य, का.सदस्य | ९८४५०८९२८५ |
| ४ | रामदिन चौधरी | १० | पहिलो सदस्य | ९८४५६५३६१३ |
| ५ | पदम बहादुर चुवान | १० | दोश्रो सदस्य | ९८४५०६५५२० |

| क्र.स. | नाम, थर | वडा नं. | पद | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | हाकीमसिंह उप्रेती | ११ | वडा अध्यक्ष | ९८४५०२७७१९ |
| २ | शान्ति तमाङ दरै | ११ | महिला सदस्य | ९८४५९५८३०४ |
| ३ | विष्णु माया कामी | ११ | दलित महिला सदस्य | ९८४५१६३२७५ |
| ४ | लखन दरै | ११ | पहिलो सदस्य | ९८११२७८८३५ |
| ५ | लाल बहादुर गौंगंवा तमाङ | ११ | दोश्रो सदस्य | ९८०७२६९१०९ |
| १ | टिकाराम तिमिल्सीना | १२ | वडा अध्यक्ष | ९८५५०४३४१८ |
| २ | अनिता चौधरी | १२ | महिला सदस्य | ९८४५१४२१३० |
| ३ | श्रीमाया सार्की | १२ | दलित महिला सदस्य | ९८४५१४१६५६ |
| ४ | बद्रि बहादुर पाण्डे | १२ | पहिलो सदस्य | ९८४५९५९९९४ |
| ५ | चन्द्रलाल चौधरी | १२ | दोश्रो सदस्य | ९८४५२७२३५० |
| १ | बालकुमार उप्रेती | १३ | वडा अध्यक्ष | ९८४५१०७९३६ |
| २ | टिका दाहाल | १३ | महिला सदस्य | ९८४५३९६३२८ |
| ३ | लक्ष्मी सुनार गौतम | १३ | दलित महिला सदस्य | ९८२११५८९८५ |
| ४ | जिवन कार्की | १३ | पहिलो सदस्य | ९८५५०७३२६२ |
| ५ | चन्द्रलाल चौधरी | १३ | दोश्रो सदस्य | ९८४५०४७६३१ |
| **कार्यपालिका सदस्यहरु** | | | | |
| १ | गोमा देवि घर्ति | | | ९८४५१३२९९३ |
| २ | रेशमलाल वि.क. | | | ९८०३६६३४६६ |
| ३ | लक्ष्मी देवि दरै | | | ९८६५७९९३३६ |